परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION

साप्ताहिक

❑ वर्ष ११ ❑ अंक १५ २०७९ कार्तिक २७ गते आईतवार Sunday 13, NOV 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## मृगौला पिडित श्रीमानको उपचारका लागि सहयोग गर्न आग्रह



विराटनगर । मृगौला पिडित श्रीमानको जीवन रक्षाका लागि श्रीमति अनारवती कुमारी चौधरीले समाजिक संघ, संस्था, नागरिक समाज र मनकारी मन भएकाहरुसंग सहयोग गर्न आग्रह गरेकी छिन् ।

नेपाल पत्रकार महासंघ विराटनगरमा पत्रकार सम्मेलन गरी मोरंग जिल्ला बुढी गंगा गाउँपालिका वडा नं. ६ तिलाठे टोल बस्ने चौधरीले भने मेरो श्रीमान् राजकुमार सुतिहारको विगत १ वर्ष देखि मृगौला पिडित भएको त्यसको उपचारमा ९ लाख जति खर्च भई सकेको छ । मृगौला फेर्न अरु १० लाख लाग्ने भएकोले सो सहयोग जुटाई दिन सम्पूर्ण जन समुदायमा आग्रह गरेकी छिन् ।

गरीब परिवार भएका सुतिहार बैदेशिक रोजगारीको लागि मलेसिया गएका श्रीमान त्यही विमारी परेपछि २०७८ असोजमा घर फर्केका थिए । श्रीमानलाई दुहवीको सामुदायिक अस्पताल, विराटनगरको नोवेल हस्पिटल, गोल्डेन होस्पिटलमा उपचार हुन नसकेपछि दिल्लीको एम्स हस्पिलमा समेत उपचार गराएको निको नभएपछि हाल काठमाण्डौको वीर हस्पिटलमा उपचार गराई रहेको वताउँदै श्रीमानको मृगौलासंग मेरो सासुको मृगौला मेच गरेकाले त्यो मृगौला फेर्न १० लाख लाग्ने डाक्टरले वताएपछि सो रकम सहयोग गर्न आग्रह गरेको चौधरीको भनाई छ ।

सहयोग गर्ने संघ, संस्था, नागरिक समाज, मनकारी मनहरुले अनारवती कुमारी चौधरीको मोवाईल नं. ९८२४३३६९६६ मा फोन सम्पर्क गरी भेटेर सहयोग गर्न सक्ने छ वा अनारवती कुमारी चौधरीको नाममा सनराईज बैक लिमिटेडमा रहेको खाता नं. ०४०१०३ २८ २१८०११ मा जम्मा गरी सहयोग गर्नु सक्नु हुने छ । पिडितको ६ वर्षिय १ छोरी रहेको छ ।

## विराटनगर वडा नं. ८ को घरघरमै पुगेर जेष्ठ नागरिकहरूको स्वास्थ्य जाँच

विराटनगर । विराटनगर महानगरपालिका वडा नम्बर ८ ले घरघरमै पुगेर ज्येष्ठ नागरिकहरुको निःशुल्क स्वास्थ्य जाँच सुरु गरेका छन ।

वडाले बिहीबारदेखि घरघरमै पुगेर वडाभित्रका ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच सुरु गरेको हो । स्वास्थ्य स्वयम्सेविकाहरु मार्फत ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच सुरु गरिएको वडाध्यक्ष राम पोखरेलले जानकारी दिनुभयो ।

ज्येष्ठ नागरिकको सुगर, प्रेसर लगायत जाँच गरिएको छ । स्वास्थ्य जाँचबाट समस्या देखिएका ज्येष्ठ नागरिकलाई औषधि समेत निःशुल्क वितरण गरिएको वडाध्यक्ष पोखरेलले बताउनु भयो ।

ज्येष्ठ नागरिकलाई स्वास्थ्य संस्थासम्म पुग्न गाह्रो हुने भएकाले वडाले घरमै पुगेर स्वास्थ्य जाँच गर्ने अभियान सुरु गरेको हो, पोखरेलले भन्नुभयो, यो अभियानमा वडामा सधैं सञ्चालन गर्ने योजना छ ।

वडाले टोल-टोलमा स्वास्थ्य स्वयम्सेविका खटाएर ज्येष्ठ



नागरिकहरुको स्वास्थ्य जाँचलाई तीव्रता दिएको वडाध्यक्षको भनाइ छ ।

घरमै आएर स्वास्थ्य जाँच गरेपछि ज्येष्ठ नागरिक पनि दंग परेका थिए । स्थानीय ८३ वर्षीय भीमबहादुर धितालले वडाले यसअघि कहिल्यै पनि घरमै आएर स्वास्थ्य जाँच नगरेको बताउनुभयो । यसरी घरमै आएर स्वास्थ्य जाँचेर औषधि दिएकोमा अत्यन्तै खुसी लागेको उहाँले बताउनु भयो ।

त्यस्तै ९१ वर्षीया सुरेन्द्रकुमारी कोइराला पनि वडाको कार्यप्रति निकै खुसी देखिनु हुन्थ्यो । उहाँले ज्येष्ठ नागरिकलाई माया गर्नेको सधैं उन्नति हुने दाबी गर्नुभयो । अहिले धेरै ज्येष्ठ नागरिकहरु परिवारबाटै अपहेलित भएर बस्नुपरेको छ, उहाँले थप्नुभयो, वडा कार्यालयले घरमै आएर स्वास्थ्य जाँच गर्दा साह्रै खुसी लागेको छ ।




## मोरंग क्षेत्र नं.६ प्रतिनिधीसभा तर्फ कस्ले मार्ला बाजी

विराटनगर । मंसिर ४ गते हुने प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि हुने निर्वाचनमा मोरंग क्षेत्र नं. ६ मा सत्तारुढ दल नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीच प्रतिस्पर्धा हुने देखिन्छ ।

मोरंग क्षेत्र नं. ६ मा प्रतिनीधिसभा तफ ३ स्वतन्त्र सहित १५ जनाको उम्मेदवारी परेका छन् । जसमध्ये नेकपा (एमाले) पार्टी स्थायी कमिटी सदस्य लालवबाबु पण्डित र सत्तारुढ नेपाली काँग्रेसका तर्फवाट डा.शेखर कोइराला उम्मेदवार रहेका छन् । यी दुई उम्मेदवार वीच मुख्य रुपमा प्रतिस्पर्धा हुने आम मतदाताका आंकलन छ ।

यही क्षेत्रबाट प्रतिस्पर्धा गरेका कोइराला २०७४ सालको निर्वाचनमा पण्डितसँग पराजित भएका थिए । आगामी निर्वाचनका लागि पनि एउटै मैदानमा पुरानै प्रतिस्पर्धी आम्नेसाम्ने भएका छन् । यी दुवै उम्मेदवारले सो क्षेत्रमा गरेको विकासका कार्यक्रमहरु एकले अर्कालाई देखाउने चुनौती दिदै आम मतदाताको घरघरमा गई आफूलाई जिताउन मत मागि रहेका छन् ।

यी दुवै उम्मेदवारी बीच कडा प्रतिस्पर्धा हुने भएको छ । वाँजी कसले मार्ला त्यो त निर्वाचन परिणामले नै वताउनेछ । ती दुवै उम्मेदवारसंगै राष्ट्रिय प्रजातन्त्र पार्टीका गोपाल क्षेत्री, नेपाल किसान पार्टीका चिरञ्जिवी खतिवडा, जनमत पार्टीका बुद्धीराम माझी, हाम्रो नेपाल पार्टीका टेक बहादुर अधिकारी क्षेत्री, जनता प्रगतीशिल पार्टी नेपालका प्रशान्त ठाकुर, नागरिक उन्मुक्ति पार्टीका बलराम खवास, मंगोल नेशनल अर्गनाइजेशनका मोहन बहादुर राई, संघिय लोकतान्त्रीक राष्ट्रिय मञ्चका दुखा राम माझी, बहुजन शक्ति पार्टीका नारायण पासवान, राष्ट्रिय स्वतन्त्र पार्टीका यादव कुमार प्रधान, स्वतन्त्रका शुशील खड्का, सरोज नेपाल र लक्ष्मी थेवे रहेका छन् । बहुजन शक्ति पार्टीले नेपाली कांग्रेसका उम्मेदवार डा. शेखर कोईरालालाई समर्थन गरिसकेको छ ।

त्यसैगरी मोरंग क्षेत्र नं. ६ (१) प्रदेशसभा सदस्य तर्फ ५ स्वतन्त्र सहित १३ जनाका उम्मेदवारी परेको छ भने ६(२)

बाँकी अन्तिम पेजमा...

SUKRATARA FURNITURE UDYOG

BIRATNAGAR

9842033365
9805391277

Chattdev007@gmail.com



All types of Fabrication, Furniture, Prefab, Truss are available.

## प्रतिनिधीसभा...

- बजार क्षेत्रहरूमा सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरिनेछ।

- विराट राजाको दरवार निर्माणलाई प्राथमिकता दिईने छ। यस क्षेत्रलाई मनोरञ्जनात्मक दृश्यावलोकन हवको रूपमा विकसित गरिनेछ।

धनपालथान मन्दिर निर्माण सम्पन्न गरी सो क्षेत्रलाई धार्मिक पर्यटकीय क्षेत्रकोरुपमा विकास गरिनेछ।

- संसारीमाई मन्दिरमा आउने भक्तजनहरुको लागि उचित खाने वस्ने व्यवस्था गरिनेछ। मन्दीर नजिकको क्षेत्रलाई आकर्षक बनाई बक्राहा खोलामा बोटिंग गर्ने व्यवस्था मिलाईने छ।

- गाउँघरमा रहेका सार्वजनिक मन्दिर, मस्जिदहरुको निर्माण तथा मर्मत गरी उक्त क्षेत्रहरुलाई समृद्ध वनाउने।

## पार्टीको...

अघि झरेका कट्वालले एकपटक कांग्रेसलाई भोट लगाएका छन्। यसबाहेकको निर्वाचनमा कम्युनिष्ट उम्मेदवारलाई मात्रै भोट खसालेको कट्वालको भनाइ छ। अघिल्लो निर्वाचनमा दुई तिहाई नजिकको बहुमत दिँदा पनि एमालेले केही नगरेको उनको दुखेसो छ। यसपटक उनी हाम्राभन्दा राम्रा व्यक्तिलाई जिताउन आग्रह गर्दछन्। 'शेखरजीमा ठूलो हिम्मत छ भन्ने मैले बुझेको छु' कटवालले भने, 'पाँच-पाँच पटक प्रधानमन्त्री भएका शेरबहादुर देउवालाई उहाँले टक्कर दिनु भएको छ। पूर्व अञ्चल मोरङको पहिलाको राजनैतिक शाख फिर्काउन पनि शेखरजीले जित्नु जरुरी छ।'

बूढीगंगाकै ६६ वर्षीय माणिकचन चौधरीले पनि कोइरालालाई भोट हाल्ने मनस्थितिमा पुगेका छन्। हाल उनी जसपामा आबद्ध छन्। मधेस आन्दोलनअघि उनी नेकपा एमालेका आबद्ध थिए। सबै जातजाति, धर्म र सम्प्रदायका मानिसलाई जोड्ने पार्टी कांग्रेस रहेछ भन्ने निष्कर्षमा उनी पुगेका छन्।

यसपटक शेखरलाई जिताउने अभियानमा जुटेका छन्। मधेसवादी दलहरु सबै सत्ता र शक्तिको पछाडि लागेकोमा उनको दुखेसो छ।

## मोरंग...

तर्फ १ स्वतन्त्र सहित ११ जनाको उम्मेदवारी परेको छ।

क्षेत्र नं. ६ (१) प्रदेशसभा तर्फ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का रिता न्यौपाने र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का जिवन आचार्यबीच प्रतिस्पर्धा हुने भएको छ। अहिले चुनावमा आफ्ना प्रतिस्पर्धीलाई आरोप प्रत्यारोप लगाउने, उसले गर्न सकेन म गर्छु भन्ने दुष्प्रचार गर्ने र घृणायुक्त अभिव्यक्ति दिने प्रचलन मौलाएको छ। तर, कसैको दुष्प्रचार नगरी र घृणायुक्त अभिव्यक्ति नदिई आफ्नो एजेण्डा मतदातामाझ राखेर पनि मतदाताको मन जित्न सकिन्छ भन्ने न्यौपानेको भनाई छ।

त्यसैगरी मोरंङ्ग क्षेत्र नं. ६ (२) प्रदेशसभातर्फ नेकपा (एमाले) का पर्शुराम बस्नेत (कृष्ण) र नेपाली कांग्रेसका केदार कार्की उम्मेदवार छन्। उनीहरु बीच नै प्रतिस्पर्धा हुने अनुमान गरिएको छ।

निर्वाचन नजिकिँदै जाँदा चुनावी माहोल पनि तिव्रता लिएको छ। उम्मेदवारहरु घरघरमा पुगेर मतदातासमक्ष मत मागिरहेका छन्। आफूलाई जिताउन आग्रह गर्दै अनेक आश्वासन दिएर मतदाता फकाउन व्यस्त छन्।

२०७४ सालमा कार्की यही क्षेत्रबाट प्रदेशसभा सदस्यमा विजयी बनेका थिए। उनी हाल प्रदेश १ का आन्तरिक मामिला तथा कानुनमन्त्री छन्। मन्त्री भएपछि अनेक विवादमा मुछिए। उनका प्राय: कामकारबाही र निर्णयहरु विवादित छन्। जनभावना विपरीतका काम गरेको र विभिन्न अनियमिततामा मुछिएको आरोप मतदाताले लगाइरहेका छन्।

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, बिराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३५५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ।
समयः विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म।

धार्मिक-साँस्कृतिक सहिष्णुता कायम राखौं
एक अर्काकोध धर्मसँस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं।
एकआपसमा भेदभाव नगरौं, धार्मिक-साँस्कृतिक सहिष्णुता कायम गरौं।
नेपाल सरकार, विज्ञापन बोर्ड

# जिताउनुहोस् जीवनस्तर उकास्ने काम गर्छौं : विनोद ढकाल



विराटनगर। नेकपा (एमाले)का नेता तथा मोरङ क्षेत्र नम्बर- ४ का प्रतिनिधिसभा सदस्यको उम्मेदवार विनोद ढकालले क्षेत्रका जनतासँग एमालेलाई जिताउन आग्रह गरेका छन्। उनले निर्वाचन क्षेत्रका विभिन्न स्थानमा आयोजित कोणसभालाई सम्बोधन गर्दै एमालेलाई निर्वाचन जिताए समग्र जनताको जीवनस्तर उकास्न काम गर्ने बताएका हुन्।

उनले देशमा समृद्धि र विकास गर्नुछ भने एउटा दलको स्थायी सरकार नै चाहिन्छ भन्ने पुष्टि भइसकेको तर्क अघि सारेका छन्। अस्थिर सरकारको परिणती नेपाली जनताले वर्षौंदेखि भोल्दै आइरहेको भन्दै उनले ६ महिना वा वर्ष दिनमा सरकार परिवर्तन हुँदा देशमा समृद्धि र विकास असम्भव रहेको बताए।

उनले भने,' केपी ओली नेतृत्वको सरकार बनेसँगै कोरेका विकास र समृद्धिको खाकाहरु अहिले कहाँ छन् ? विकास निर्माणका काम कहाँ रोकिएका छन्, देशको आर्थिक अवस्था किन यति जर्जर छ भन्ने कुरा आमजनताले पनि बुझेको कुरा हो।'

त्यसैले देश र जनताको हितका लागि एउटा दलको बहुमत आवश्यक छ भन्दै ढकालले भने,' अहिले मत दिँदा पनि एउटा मात्रै दलले सरकार बनाउन सक्ने अवस्थामा गठबन्धनका कुनै दल छैनन्। बहुमतका साथ सरकार बनाउन सक्ने दलको रुपमा एमाले मात्रै छ, त्यसैले एमालेलाई भोट हाल्नुस्, स्थायी सरकार बनाऔं, समृद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सार्थक बनाऔं।'

उनले अघि भने,' फेरि पनि बहुमतसहितको नेकपा एमाले नेतृत्वको सरकार बन्न नसके मुलुकमा आलोपालो सरकार चलाउने र भाग पुऱ्याउने नाममा सरकार फेरिरहन्छ। उनले हिजो व्यवस्था परिवर्तनको लागि राजनीतिक दलहरुले लडेको र त्यसको नेतृत्व एमालेले गरेको स्मरण गराउँदै अहिले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र आएको र जनतालाई अधिकार सम्पन्न बनाउने काम भएको बताए।

'अब राजनीतिक लडाईं हैन, विकास र समृद्धिको लडाईंमा जुट्नुपर्छ। त्यसका लागि दृढ इच्छाशक्ति, सामर्थ्य, भिजन तथा देश र जनतामा समर्पित हुनुपर्छ। यदि त्यो कसैमा छ भने एमालेका अध्यक्ष केपी शर्मा ओलीमा छ, त्यो एमालेमा छ।' उनले दाबी गरे।

भावी प्रधानमन्त्रीका रुपमा अध्यक्ष ओलीलाई अघि सारेर एमाले चुनावी मैदानमा रहेको भन्दै उनले सृमद्ध नेपाल, सुखी नेपालीको अभियानलाई सार्थक बनाउन जनताले मत दिए अरु कसैले रोक्न नसक्ने बताए।

यस्तै मोरङ क्षेत्र नम्बर ४ का उम्मेदवार ढकालले जनताको सुझावलाई आत्मसाथ गर्दै क्षेत्रका जनताको हितका लागि सदैव काँधमा काँध र हातमा हात मिलाएर साथसाथै अघि बढ्ने बताए। उनले क्षेत्रका आम समस्याका विषयमा आफु जानकार रहेको भन्दै सबैभन्दा बढी यहाँको कृषि क्षेत्रलाई व्यावसायिक बनाउन विभिन्न काम गर्नुपर्ने बताए।

त्यस्तै लोहन्दा खोलाको कटान रोक्न तटबन्ध निर्माण तथा मुख्य सहरहरु जोड्ने सडकको स्तरोन्नती र कालोपत्रे तथा ग्रामीण सडकहरुको स्तरोन्नती गर्नसक्दा यहाँको जीवनस्तर उकास्न सहयोग पुग्ने बताए।

यहाँका आदिबासी जनजाती को बसोबास रहेको क्षेत्रमा होम स्टेलाई प्रवर्धन गर्दै आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्य बनाउने, विभिन्न जातजातिको संग्राहलय बनाउनेलगायतका तमाम कामहरुलाई आफूले प्राथमिकता मा राखेको उनले बताए। यस्तै ढकालले यस क्षेत्रका युवाहरुलाई स्वरोजगार र रोजगार प्रदान गर्न विभिन्न कार्यक्रम ल्याउन आवश्यक रहेको तथा यहाँका कुनैपनि बालिबालिका शिक्षाबाट बञ्चित हुन नदिने तथा स्वास्थ्य सेवाको ज्ञारेन्टी गर्नेसम्मका विषयलाई आफू र आफ्नो पार्टीले घोषणापत्रमार्फत पनि सम्बोधन गरेको बताए।

# अन्य पार्टी परित्याग गरी एमालेमा प्रवेश

विराटनगर। विराटनगर वडा नं. १२ मा नेकपा (माओवादी केन्द्र) र नेपाली काँग्रेस परित्याग गरी ८० जनाभन्दा बढी नेकपा (एमाले)मा शुक्रवार प्रवेश गरेका छन्।

नेकपा (एमाले) विराटनगर १२ शाखा कमिटीले वुधबार आयोजना गरेको कार्यक्रममा माओवादीका भगनलाल यादवको नेतृत्वमा माओवादी र काँग्रेस परित्याग गरी एमालेमा प्रवेश गरेका हुन्। नवप्रवेशीहरुलाई एमालेका तर्फबाट मोरङ क्षेत्र नं. ६ (२)का उम्मेदवार पर्शुराम बस्नेतले स्वागत गरेका थिए।

एमाले प्रवेश गर्दै भगनलाल यादवले विगतमा चुनावमा भोट हालेर आफूले जिताएका जनप्रतिनिधिले जनताका मागहरु सम्वोधन नगरेको, सर्वसाधारणलाई सिँढी बनाएर आफू पदमा पुग्ने चेष्टामात्र गरेकाले जनताको पक्षमा काम गर्ने पार्टी एमालेमा प्रवेश गरेको बताए। उनले एमालेका उम्मेदवार पर्शुराम बस्नेतले जनताको पक्षमा काम गर्दै आएकाले उनलाई जनप्रतिनिधि बनाउन आफूहरु जुट्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

नवप्रवेशीलाई स्वागत गर्दै उम्मेदवार बस्नेतले एमाले गरीब, सुकुम्बासी, मजदुर र सर्वहाराको पार्टी भएकाले सबैको हितमा काम गर्ने बताए। मुलुकको हितमा काम गर्ने र आममानिसको जीवनस्तर उकास्ने योजना नेकपा एमालेसँग मात्र भएको बताए।

मोरङ क्षेत्र नं. ६ (२)मा बस्नेत सहित गठबन्धनबाट काँग्रेसका केदार कार्की, स्वतन्त्र उम्मेद्वार गोपाल रेग्मी र काँग्रेस (वीपी) का तर्फबाट जर्नादन निरौला प्रतिष्पर्धामा छन्। बस्नेत युवा र स्थानीय समाजसेवीका रुपमा परिचित छन् भने प्रदेशका मन्त्री समेत रहेका कार्की पटक-पटक विवादमा मुछिँदै आएका छन्। रेग्मीले विराटनगरको कार्यकारी अधिकृत हुँदा 'राम्रो काम गरेको' छवी बनाएका थिए भने निरौला मजदुरमाझ परिचित छन्।

छोरा छोरीमा भेदभाव नगरौ। छोरा छोरी दुबैलाई अनिवार्य विद्यालय पठाऔं।

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रबन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### कसरी छनौट गर्ने योग्य उम्मेदवार ?

*प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि मंसिर ४ गते हुने निर्वाचन आउन ठ्याक्कै एक साता बाँकी रहको छ । निर्वाचन कार्यतालिका अनुसार निर्वाचन आयोगले कार्तिक १७ गते देखि प्रचार प्रसार खुला गरेपछि उम्मेदवारहरु घरदैलो अभियान, आमसभा, कोणसभा, भेटघाट अभियानलाई तिव्रता दिएका छन् । ती उम्मेदवारहरुले आ-आफ्नो घोषणा पत्र देखाउने, विभिन्न किसिमको अश्वासन दिने, मतदाताको इच्छा आंकाक्षा बाहेक पुरा गर्न नसकिने मागहरु घोषणापत्रमा हालेका छन् । त्यसैगरी भाषण गर्ने वेला भएको विकासलाई पनि मैले गरेको भन्ने एकपटक जितेर गएकाहरुले त वांकी काम पूरा गर्न हामीलाई नै जिताउनु पर्ने लगायतका अश्वासन दिने गरको छन् । तर हामी आम मतदाताले आफ्नो क्षेत्रको लागि कस्तो उम्मेदवारलाई जिताउने कसरी, कसरी छनौट गर्ने योग्य उम्मेदवार यस्ता प्रश्नहरु आम मतदाताहरुमा देखिन्छ ।*

*मतदाताले उम्मेदवार छनौट गर्दा जुन उम्मेदवारले हाम्रो देशको पहरेदारी गर्न सक्छ, जसले विदेशीको कटपुतली नहुने, मुलकुका अहितमा कुनै काम नगर्ने, संघियतको पक्षधर, मुलुकको कानुनलाई सर्वोपरी मान्ने, मुलुकलाई विधीको शासनमा हिडाउने, मौलिक हकको प्रवर्द्धन गर्ने, सामाजिक अभियन्त, समावेशीकर बुझिएको उम्मेदवारहरुलाई मतदातहरुले प्राथमिकताका साथ मतदान गरी विजय गराउनु पर्छ । त्यसैगरी मुलुकको आम मतदातको लागि शिक्षा र स्वास्थ्य निशुल्क गर्न सक्ने, स्वास्थ्य सेवामा सवैको पहुच गराउन सक्ने, अन्तराष्ट्रि सम्वन्ध स्थापित गनृ सक्ने, अन्तराष्ट्रिय स्तरमा देशको छवि उच्च राख्न सक्ने, आर्थिक क्रान्ती ल्याउन सक्ने, विश्व स्तरमा राम्रो बोल्न सक्ने, दिगो विकासका लागि लक्ष्यहरु पुरा गर्न सक्ने, प्राकृतिक स्रोतहरुको व्यवस्थापन गर्न सक्ने आधारभूत आवश्यकता पुरा गर्न सक्ने, उच्च नैतिकवान लगायतका गुण भएका उम्मेदवारलाई आफ्नो अमुल्य मत दिई बहुमतले विजय गराउनु मतदाताका कर्तव्य हो ।*

*हामी मतदाताहरु माथि उल्लेखित गुण भएका उम्मेदवारलाई मत दिएमा त्यो मतदानले भोलीको लागि देशको भविष्य निर्वाण गर्न सक्छ । अन्यथा फेरी पनि हामी मतदाताहरु सोनो तिनो लोभ लालचमा फसेर एक दिनको रमाईलो गरेर मासु च्युरा र केही पैसाको लोभलालचमा फसेर त्यस्तो उम्मेदवारलाई आफ्नो अमूल्य मत दिई विजय गराएमा फेरी पनि पछुताउनुको विकल्प हुँदैन । त्यसैले हामी मतदाताको पालो आई सकेको छ । नातावाद, जातिवाद, धनकमाउने वाद जस्ता उम्मेदवारलाई अहिले पाखा लागाई दिएमा मात्र हाम्रो भलिको दिन राम्रो हुने छ । तसर्थ असल, इमान्तद, सामाजिक अभियन्ता, मतदाताको सुख दुःखमा साथ दिने उम्मेदवारलाई निर्धक भएर मत हालौं, भविष्यलार्य राम्रो वनाउ, प्रतिनिधीसभा र प्रदेशसभा निर्वाचनलाई सफल बनाऔं ।*

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिरो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ । कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# योग्य उम्मेदवार छनोटका दर्जन सूचक

**कृष्णहरि बास्कोटा**

आगामी मंसिर ४ गते प्रतिनिधिसभा र सात वटा प्रदेश सभाका सांसदको निर्वाचन हुँदैछ । यसमा प्रत्यक्ष र समानुपातिक गरी प्रत्येक मतदाताले ४ वटा मतदान गर्नुछ । यसर्थ, कस्ता उम्मेदवार र राजनैतिक दललाई मतदान गर्ने र नगर्ने भन्ने सम्बन्धमा आफ्नो अभिमत सार्वजनिक गर्न चाहन्छु ।

१. सार्वभौमसत्ताको पहरेदार

नेपालको स्वतन्त्रता, सार्वभौम सत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई जुन उम्मेदवार र दलले सर्वाधिक महत्व दिएको छ, त्यहीलाई मतदान गर्नुपर्छ । मुलुकको सार्वभौमसत्ता माथि नै खेलबाड गर्ने, विदेशीको कठपुतली हुन खोज्ने, मुलुकको अहितमा सन्धि-सम्झौता गर्न अग्रसर हुने, विदेशीलाई स्वार्थवश नेपालमा स्थापित गर्न खोज्नेको पहिचान गरी त्यस्तालाई मतदान गर्नुहुँदैन ।

२. संघीयताको पक्षधर

संविधान मुलुकको मूल कानुन हो । यसको सम्मान गर्नुपर्छ । मुलुकलाई विधिको शासनमा हिंडाउनुपर्छ । यसका लागि प्रचलित कानुनको अक्षरशः पालना गर्नुपर्छ । यस अनुसार मुलुकले अख्तियार गरेको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति पूर्ण प्रतिबद्धलाई मतदान गर्नुपर्छ ।

हामी सबैलाई जानकारी छ, संविधान एक गतिशील दस्तावेज हो, यसलाई संविधानको प्रक्रिया अनुसार संशोधन गर्न सकिन्छ । तर, नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौ मिकताको संशोधन निषेधित छ । यसर्थ, मुलुकलाई विखण्डनतर्फ डोऱ्याउन दुस्साहस गर्ने, जनतालाई भड्काउने, आपसमा द्वेष सिर्जना गर्ने, मुलुकको शान्ति सुरक्षामा गम्भीर खतरा पुऱ्याउन खोज्नेलाई आगामी निर्वाचनमा परास्त गर्नुपर्छ ।

३. मौलिक हकको प्रवर्द्धक

आम नेपालीलाई नेपालभित्र सम्मानपूर्वक बाँच्न पाउने हक छ । हामीले स्वतन्त्रता र समानताको हकका साथै छुवाछूत तथा भेदभाव विरुद्धको हक प्रयोग गरिआएका छौं । यसैगरी, आम नेपालीसँग सम्पत्तिको हक, धार्मिक स्वतन्त्रताको हक, सूचनाको हक, शिक्षा, स्वास्थ्य, रोजगारी लगायतको हक विद्यमान छ । यसरी संविधानले प्रत्याभूत गरेका मौलिक हकको प्रचलनका लागि उच्च प्रतिबद्धता भएको उम्मेदवार र दललाई आगामी निर्वाचनमा निर्वाचित गराउनुपर्छ ।

४. सामाजिक अभियन्ता

मुलुकभित्र विद्यमान सामाजिक र सांस्कृतिक धरोहरलाई जगेर्ना गर्दै यसलाई आधुनिकतामा रूपान्तरित गर्नुपर्छ । यसका लागि समाजमा विद्यमान गलत अभ्यास विरुद्ध जुध्ने सामाजिक अभियन्ता लाई आगामी निर्वाचनमा विजयी गराउनुपर्छ ।

समाजमा विद्यमान धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने सबै प्रकारका विभेद, असमानता, शोषण र अन्यायको अन्त्यका लागि भिड्ने उम्मेदवार हाम्रो छनोटमा पर्नुपर्छ । धर्म, जात, सम्प्रदाय, भूगोललगायतको नाममा नेपालभित्रै फाटो ल्याउन उद्यतसँग सजग रहनुपर्छ ।

५. समावेशीकरण बुझेको

हाम्रो संविधानले सामाजिक न्याय र समावेशीकरणलाई आत्मसात् गरेको छ । यसर्थ, समाजमा सबै वर्ग, समुदाय र भूगोलका बासिन्दा बीच न्यूनतम विषयमा समानता नहुन्जेल सकारात्मक विभेदको नीतिको व्याख्या गरी सबैलाई अवसर दिएर समतामूलक समाज निर्माण गर्न सक्ने उम्मेदवारको छनोट गर्नुपर्छ ।

यस अनुसार लक्षितवर्गका महिला, ज्येष्ठ नागरिक, बालबालिका, जोखिम र बहिष्करणमा परेका, आदिवासी, जनजाति, दलित र विकासमा पछाडि परेका वर्गको उत्थानमा अहोरात्र खटिएको व्यक्तिको पहिचान गरी मतदान गर्नुपर्छ । स्वयं सामन्तीको रूपमा पहिचान निर्माण गरेकालाई आगामी निर्वाचनमा पराजित गर्नुपर्छ ।

६. शिक्षा र स्वास्थ्य निःशुल्क

नेपालको संविधानले आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क हुन्छ भनेको छ । यसैगरी, स्वास्थ्य सेवामा पनि सबैको पहुँच हुने र निःशुल्क हुने भाव संविधानमा उल्लेख गरिएको छ । यसर्थ, यस विषयमा पहल गरी आम जनतालाई शिक्षा र स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न सक्ने उम्मेदवारको खोजी गर्नुपर्छ ।

खुला अर्थनीति, उदारीकरण, निजीकरण, सबै कुरा बजारले निर्धारण गर्छ भन्ने जस्ता दर्शन छाँटी शिक्षा र स्वास्थ्य सेवालाई चरम व्यापारीकरण गरी केटाकेटी र बिरामीबाट रकम लुट्ने वातावरण बनाइदिनेलाई आगामी निर्वाचनमा आम मतदाताले पहिचान गर्नुपर्छ र आफ्नो विवेकको मत योग्य उम्मेदवारलाई दिनुपर्छ ।

७. अन्तर्राष्ट्रिय सम्बन्ध

नेपाल असंलग्न राष्ट्र हो । यसले पञ्चशीलको नीति अख्तियार गरेको छ । यो संयुक्त राष्ट्रसंघको बडापत्रप्रति प्रतिबद्ध मुलुक हो । हामी छिमेकी राष्ट्रहरूसँग सुमधुर सम्बन्ध राख्न चाहन्छौं ।

हामी कैयौं अन्तर्राष्ट्रिय घोषणाको पक्ष राष्ट्र भएका छौं । हामी विश्वव्यापी मानवअधिकार घोषणापत्रको पक्षधर हौं । हामी विश्वमा शान्ति चाहन्छौं । यसर्थ, यी विषयमा निपुणता भएको उम्मेदवारको खोजी गरी विजयी गराउनु पर्छ ।

८. अन्तर्राष्ट्रिय छवि निर्माण

नेपाल विश्वमै एक सुपरिचित मुलुकका रूपमा स्थापित छ । विश्वको सर्वोच्च शिखर सगरमाथा नेपालमै छ । भगवान गौतम बुद्ध जन्मिएको यो पवित्र भूमि हो । नेपाल हिमाल, पहाड र तराईको समिश्रण भएको भूपरिवेष्टित मुलुक हो ।

नेपाली युद्ध कौशलता र इमानदारी दुवैमा विश्व विख्यात छन् । यसर्थ, नेपालमा पर्यटन प्रवर्द्धनको प्रशस्त संभावना छ । यस मुलुकमा जलविद्युतको विकास लगायतमा बाह्य लगानी आकर्षण गर्न सकिने संभावना छ । यी विषयमा पहल गरी राष्ट्रलाई लाभ पुऱ्याउने उम्मेदवार छनोट गर्नुपर्छ ।

९. आर्थिक समृद्धि

आर्थिक विकासका दृष्टिले मुलुक निकै पछाडि परेको छ । हाल नेपालीको प्रतिव्यक्ति औसत आय करिब १२०० अमेरिकी डलर छ । यसमा निकै तीव्रगतिमा समृद्धिका कार्यक्रम संचालन गरिएमा आगामी पाँच वर्षमा यसलाई २ हजार डलरसम्म पुऱ्याउन सकिएला । आगामी सन् २०२६ सम्ममा हामी अल्पविकसित मुलुकको वर्गीकरणबाट विकासोन्मुख मुलुकको वर्गीकरणमा स्तरोन्नति हुँदैछौं ।

संयुक्त राष्ट्रसंघबाट घोषणा गरिएको दिगो विकासका सत्र वटा लक्ष्यमा हामीले इमानदारीका साथ काम गऱ्यौं भने आगामी सन् २०३० मा नेपालीको प्रतिव्यक्ति औसत आय ३ हजारदेखि ५ हजार डलरसम्म पुग्न सक्छ । यस्ता व्यावहारिक तथ्यांक सार्वजनिक गरी समृद्धिका पक्षमा वकालत गर्ने उम्मेदवार लाई जिताउनुपर्छ ।

१०. विश्वसनीय तथ्य प्रस्तुतकर्ता

हाल निर्वाचनमा उठेका उम्मेदवार र दलका अस्वाभाविक र अपत्यारिला तथ्यांकसहितका घोषणापत्र जारी भएका छन् । हाल नेपालको आर्थिक वृद्धिदर औसतमा ४/५ प्रतिशत छ । यसलाई ६/७ प्रतिशतमा पुऱ्याई केही वर्षका लागि यो दरलाई स्थिर राख्न सके निकै सफल भइन्थ्यो । हाम्रो वार्षिक खाद्यान्न उत्पादन एक करोड मेट्रिक टन छ । यसलाई डेढीसम्म पुऱ्याउन सके हुनसम्म हुन्थ्यो ।

नेपालमा औसतमा वार्षिक १० लाख पर्यटक आउने गरेका छन् । यसलाई आगामी पाँच वर्षमा २५ लाख पुऱ्याउन सके हाम्रो सामर्थ्य देखिन्थ्यो । यसैगरी, हाल करिब ३ हजार मेघावाट जलविद्युत्को उत्पादनलाई आगामी पाँच वर्षमा १० हजार मेघावाट पुऱ्याउनु फलामको चिउरा चपाउनु सरह हो । यसर्थ, वास्तविकताको धरातलमा उभिएर तर्क राख्ने उम्मेदवार नै छनोटमा गर्नुपर्छ । यसबाट अनावश्यक रौसिने र केही नभएपछि निरुत्साहित हुनेबाट हामी स्वयं जोगिइनेछौं ।

११. प्राकृतिक स्रोत व्यवस्थापक

नेपालमा उल्लेख्य संभावनासहितको प्राकृतिक स्रोत छ । यसलाई दोहन गर्ने होइन, तर उपयोग गर्न पछि पर्नुहुँदैन । हामीकहाँ यूरेनियमको संभावना छ । सुन, तामा, फलाम, स्लेट, खरी, म्याग्नेसाइट, रत्न पत्थर उपलब्ध छ ।

पेट्रोलियम पदार्थ र प्राकृतिक ग्याँसको संभाव्यता अध्ययन भइसकेको छ । तर, हामीले समुचित रूपमा खानी उत्खननको काम आरम्भ नै गरेका छैनौं । यसमा ज्ञान, सीप र त्याकत भएको उम्मेदवारलाई आगामी निर्वाचनमा जिताउनु पर्छ ।

१२. आधारभूत आवश्यकता

आम नागरिकलाई दैनिक आवश्यक आधारभूत वस्तुको सर्वसुलभ आपूर्ति व्यवस्था गर्नुपर्छ । यसका लागि कृषिलाई व्यवसायीकरण र यान्त्रिकीकरण मा रूपान्तरण गरी आत्मनिर्भर बनाउनेतर्फ उन्मुख गराउनुपर्छ ।

मुलुकमा कालोबजारी निषेध गर्नुका साथै सरकारी राजस्व छल्ने वा हानिनोक्सानी गर्ने कुरा सोच्न पनि नसकिने गरी कडाइ गर्न सक्ने उम्मेदवारले विजयको माला पहिरिनुपर्छ ।

१३. उच्च नैतिकता

राजनीतिज्ञमा हुनुपर्ने प्रथम गुण नै जनसेवा हो । यसर्थ, सदाचारी जीवन पद्धति भएको, भ्रष्टाचार विरोधी अभियन्ता, मितव्ययी र सदाचारको पक्षमा वकालत गर्नेलाई आगामी निर्वाचनमा मत दिनुपर्छ ।

यसरी आम मतदाताले सच्चाइको पक्षमा काम गरिरहेको र गर्न सक्ने उम्मेदवार र दललाई मतदान गर्नुपर्छ । यसबाट मतदातालाई आत्मसन्तोष हुन्छ र मुलुकले पनि समृद्धि र सुशासनमा फड्को मार्नेछ ।

**क्राईम अपरेशन साप्ताहिक पत्रिकाको इ-पेपर www.crimeoperation.net मा लगइन गरी हेर्न सम्पूर्ण महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु । सम्पादक**

# अबैध लागुऔषध गाँजा सहित २ जना पक्राउ



सुनसरी । सुनसरीको बराहक्षेत्र नगरपालिका-११ स्थितबाट अवैध लागुऔषध गाँजा सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सोमवार राती प्रहरी चौकी मधुवनबाट खटिएको प्रहरी गस्ति टोलीले संकास्पद अवस्थामा रहेको बा.११ च ३०४२ नम्वरको स्कारपियो गाडीलाई चेकजाँच गर्ने क्रममा गाडी भित्र १ सय ७५ किलोग्राम गाँजा र नगद १ लाख १ हजार ४ सय २५ रुपैया समेत बरामद गरेको थियो ।

अवैध गाँजा बरामद भए सँगै सवारी साधन र चालक इटहरी उपमहानगरपालिका-४ सुनसरीका ३१ बर्षीय मनिस दर्नाल र सहचालक ३१ बर्षीय योगेन्द्र बजगाई समेतलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका उनिहरुको सम्मानित सुनसरी जिल्ला अदालतबाट म्याद थप गरी लागु औषध नियन्त्रण ऐन २०३३ बमोजिम इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सुनसरीले जनाएको छ ।

# छोरीको हत्या र श्रीमतीलाई खुकुरी प्रहार गरेको आरोमा पक्राउ

ओखलढुंगा । ओखलढुंगाको सिद्धिचरण नगरपालिका-३ का ३३ बर्षीय राजेन्द्र राईले आफ्नै छोरीको हत्या र श्रीमतीलाई खुकुरी प्रहार गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

सोमबार राती मादक सेवन गरेका राईले सामान्य वाद बिवादको क्रममा २१ बर्षीया श्रीमती उषा राईलाई टाउको र ढाडमा खुकुरी प्रहार गरी गम्भिर घाईते बनाएको र २ बर्षीया छोरी रितिका राईको हत्या गरेका थिए ।

छोरीको हत्या र श्रीमतीलाई खुकुरी प्रहार गरेका राईले आफ्नो टाउकोमा समेत खुकुरी प्रहार गरी घाईते भएको अवस्थामा प्रहरीले उनलाई पक्राउ गरेको थियो । खुकुरी प्रहारबाट घाईते भएकी उषा राईको मिसन अस्पताल ओखलढुंगामा उपचार भईरहेको छ भने घाईते अवस्थामा पक्राउ परेका राईको समेत प्रहरीको निगरानीमा सोही अस्पतालमा उपचार भईरहेको छ ।

राईको ज्यान सम्बन्धि कसुरमा सम्मानित जिल्ला अदालत ओखलढुंगाबाट प्रकाउ अनुमति लिई थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

# अबैध मोटर्स पार्टहरु बरामद

झापा । झापाको मेचीनगर नगरपालिका-६ स्थितबाट भन्सार छली गरी नेपाल तर्फ ल्याउदै गरेको सामानहरु प्रहरीले बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा अवैध रुपमा भन्सार छली गरी नेपाल तर्फ ल्याउदै गरेको १ लाख ५० हजार बरावरको मोटर पार्टसका बिभिन्न सामानहरु बरामद गरेको थियो ।

बरामद गरिएका उक्त सामानहरुलाई आवश्यक कारवाहीको लागि मेची भन्सार कार्यालयमा बुझाईएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।

लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर

कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।

सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# प्रतिनिधीसभा सदस्यका स्वतन्त्र उम्मेदवार जोगीसरको चुनावी अभियान तिब्र

विराटनगर । मोरंग क्षेत्र नं. ५ वाट प्रतिनिधीसभा सदस्यका लागि स्वतन्त्र उम्मेदवार जीवन विकास समाजका संस्थापक अध्यक्ष जोगी मण्डल (जोगीसर) ले चुनावी अभियानलाई तिब्र बनाएका छन् ।

जोगी मण्डलले आफ्ना साथी भाई, इष्टमित्र, शुभचिन्तकहरुको साथ लिएर आममतदातको घर दैलोमा पुगरे आफूले पाएको चुनाव चिन्ह ट्युवेल (कल) मा मतदान गरी विजय गराउन आग्रह गर्दै कोणसभा र समूह भेलालाई अन्तरक्रिया रुपमा आफ्नो पनि कुरा राख्ने र आम मतदाताहरुको समस्यालाई संकलन गर्दै प्रचार प्रसारलाई तिब्र वनाएको हो ।

जहदा गाउँपालिकाको वडा नं. २ हाथीवन्धामा कोण सभालाई स्वतन्त्र उम्मेदवार जोगी मण्डलले सम्वोधन गर्दै भने मोरंक्ष क्षेत्र नं. ५ बाट धेरै नेताहरु जितेर गए तर यस क्षेत्रको कसैले पनि विकास गरेन, यस क्षेत्रको समस्या कसैले बुझेन, यस क्षेत्रमा अनेकौ सम्भावनाहरु भएता पनि यस क्षेत्रलाई पछाडी पार्ने काम मात्र गरे तर म यस क्षेत्रमा २५ वर्ष देखि समाजिक अभियन्ताको रुपमा काम गरेको छु समाज विकासमा केही योगदान गरेको छ, यूवाहरुलाई स्वरोजगार बनाएको छु, सुकुम्वबासी समास्या समाधान र गरीबी निवारणको निम्ती काम गर्दे आएको छु तर केही यस्ता समस्याहरु यस्ता छन् जसको लागि राजनीतिमा नगई नहुने भएकोले मैले स्वतन्त्र उम्मेदवार भएर आएको छु ।

त्यसैले तपाई आममतदाताहरु मेरो चुनाव चिन्ह ट्युवेल (कल) मा मतदात गरी बहुमतले विजय गराउनु होस । क्षेत्र नं. ५ मा विकास र समृद्धिको लहर ल्याउने मेरो काम भन्दै प्रतिवद्धता जनाउदै गरेका छन् ।

२५ वर्ष देखि सामाजिक अभियन्ताको रुपमा काम गर्दै आएका जोगी मण्डललाई स्वतन्त्र उम्मेदवारको रुपमा आफ्ना घर आगनमा आएको देखेर खुशीले गदगद हुदै जहदा गाउँपाकिा वडा नं. २ का मतदाता नागेश्वर गुरुङ्गले भने पार्टीका उम्मेदवारहरु सत्ताका लागि कुर्सीमा पुग्नका लागि गठवन्धन गरेका छन् । हामीलाई त समाजमा सहयोग गर्ने उम्मेदवार चाहिएकोले स्वतन्त्र उम्मेदवार जोगी मण्डललाई जिताउन अभियान नै गाउँगाउँमा अभियान नै चालेको वताए ।

अर्का मतदाता सोही वडाका बालक दास ऋृषिदेवले भने हामीले भोट हालेर जितेको उम्मेदवार मुख पनि हेराउँन आउँदैन तर जोगी सर त पहिले देखि नै समाज उत्थानको अनेकौ भूमिकामा हाम्रै माझमा छ । चुनाव जितेर गएपनि हाम्रै माझमा रही यस क्षेत्रको विकास र समृद्धिमा लागि पर्ने विश्वासका साथ आममतदाता जोगि सरलाई विजय गराउन उत्साहित भएको वताए ।

क्षेत्र नं. ५ मा प्रतिनिधीसभा तर्फ सत्तारुढ गठवन्धनवाट नेकपा माओवादी केन्द्रका शिव कुमार मण्डाल, नेकपा एमालेको सहकार्यमा जनता समाजवादी पार्टीका राज कुमार यादव उम्मेदवार रहेका छन् ।

त्यसैगरी मोरंग क्षेत्र नं. ५ मा प्रतिनीधि सभा तर्फ राष्ट्रिय प्रजातन्त्र पार्टीवाट रेवत वहादुर थापा, जनमत पार्टीवाट परमेश्वर मुर्मु, संघिय लोकतान्त्रिक राष्ट्र मञ्चबाट मंगल ऋषिदेव, नेपाल लोकतान्त्रिक पार्टीबाट मजमुल रहमान मियाँ मुस्लिम र राष्ट्रिय स्वतन्त्र पार्टीबाट प्रमोद कुमार मण्डलले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी स्वतन्त्र तर्फ फिरोज साह, रमेश कुमार यादव, विधाभूषण प्रसाद, मोहमद रेजा हुसैन, संञ्जु शर्मा बढई, गयानन्द मण्डल केवरत, राम प्रसाद मुखिया, मनोज कुमार मण्डल रहेका छन् ।

**आगामी ५ वर्षको लागि स्वतन्त्र उम्मेदवार योगेन्द्र मण्डलको प्रतिबद्धता**

१. बेरोजगारी समस्या समाधान : "रोजगारी र आर्थिक वृद्धि स्वदेश मै रोजगारी, सम्मान र समृद्धि"

- रोजगारदाता र बेरोजगार व्यक्तिहरुको बीच समन्वय गर्नका लागि रोजगार बैंकको स्थापना गरिनेछ । बेरोजगार युवालाई लक्षित गरी गाउँ मै बस्ने र गाउमै कमाउने र गाउमै रमाउने वातावरण सिर्जना गरिनेछ ।

- विराटनगर जुट मिललाई पुन : संचालन गर्ने वा सो क्षेत्रमा बैकल्पिक कारखाना स्थापना गरि रोजगारीको व्यवस्था गरिनेछ । 'एक गाउँ एक उद्योग' को नीति लागू गरिनेछ । त्यसैगरी 'एक घर एक रोजगार र एक घर एक उद्यमशील जनशक्ति' जस्ता कार्यक्रम लागू गरिनेछ ।

- वैदेशिक रोजगारीमा जानेका लागि न्यूनतम एउटा सिपमूलक तालिम दिने र विदेशबाट फर्केका व्यक्तिहरूको ज्ञान, सिप र पुँजीको सदुपयोग गर्ने सम्बन्धी कार्यक्रम तय गरिनेछ । - दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरूको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।

**२. गरिबी र जीवनस्तर : 'विकासको आधार सुखी जीवन खुसी परिवार'**

- विपन्न परिवार लक्षित गरी अति विपन्न ( ज्बचमअयचभ एययच) परिवारलाई रासन कार्डको व्यवस्था गरिनेछ लक्षित परिवारको जीवनस्तर सुधारका लागि उचित व्यवस्था गरिनेछ ।

- गरिवी वर्गीकरण पश्चात आवश्यक परिवारहरुलाई राज्यबाट सोही अनुसारको सेवा, सुविधा र अवसरहरु प्रदान गरी गरिबी हटाउने र जीवनस्तर सुधार्ने अभियान चलाईने छ । - गरीबीको कारणले खान, बस्न, पढ्न र उपचार गर्न नसक्ने अवस्थाको अन्त्य गरिनेछ ।

- सरकार र निजी क्षेत्रसँगको साझेदारीमा आय आर्जन वृद्धि हुने खालका व्यवसायिक केन्द्र स्थापना गर्न पहल गरिनेछ ।

**३. शिक्षा : 'गुणस्तरीय शिक्षाको आधार : प्राविधिक शिक्षाको विस्तार र सामुदायिक विद्यालयमा सुधार'**

- विपन्न एवं पिछडीएका समदायमा मन्टेश्वरी शिक्षालाई प्रोत्साहन गर्दै आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ

- सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गरिनेछ ।

- सबै सामुदायिक विद्यालय हरूमा इन्टरनेटको सुविधा सहित पुस्तकालयको व्यवस्था ( इ-लाइब्रेरीसमेत गरिनेछ। एक विद्यालय एक खेल मैदानको नीति अवलम्बन गर्दै विद्यालयमा 'भएका खेलकुद मैदानको सुधार गरिनेछ ।

- एक विद्यालय एक नर्स कार्यक्रमलाई पूर्ण कार्यान्वयन गरिनेछ । वालकालिकाहरुको दाँत र आँखाको नियमित जाँचको व्यवस्था गरिनेछ । बालिकामैत्री शौचालयको व्यवस्था, विद्यालयमा निःशुल्क स्यानिटरी प्याडको नियमित र भरपर्दो वितरण, बालिका छात्रवृत्ति एवं प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ

- विद्यालयहरुमा जीवनो पयोगी (पढ्दै कमाउदै कमाउदै पढ्दै) पाठ्यक्रम निर्माण गरी पठनपाठनमा समावेश गरिनेछ । ड्ड अति विपन्न ( ज्बचमअयचभ एययच) सूचकमा रहेका परिवारका विद्यार्थीहरुको उच्च शिक्षा सम्मको सम्पूर्ण जिम्मेवारी सरकारले लिने नीति निर्माण गरिनेछ ।

**४. स्वास्थ्य : 'स्वस्थकर जीवन बाँचन पाउने गुणस्तरीय स्वास्थ्योपचारमा सवैको अधिकार'**

- कोशी अञ्चल अस्पताल तथा रंगेली अस्पतालको स्तरउन्नती गरी गुणस्तरीय तथा प्रभावकारी सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

- स्वास्थ्य वीमा कार्यक्रमलाई व्यापकता दिदै सबैलाई सर्वसुलभ स्वास्थ्य उपचार गर्ने अवसर प्रदान गरिनेछ ।

- सर्पले टोकेको उपचारका लागि स्थानीय तहमा सर्पदंश उपचार केन्द्र निर्माण गरिनेछ ।

- प्रत्येक स्वास्थ्य क्लिनिकमा ल्याव सुविधा उपलब्ध गराइनेछ । प्रत्येक वडामा मासिक कम्तीमा एक पटक विशेषज्ञ सेवा उपलब्ध गराइनेछ । ड्ड गर्भवती तथा क्यान्सर, मुटु रोग, किड्नी रोगका बिरामीहरू, ज्येष्ठ नागरिक र अपाङ्गता भएका बिरामीहरूलाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

- यस क्षेत्र नं. ५ मा मेडिकल कलेज स्थापना गर्न प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी कार्यान्वयनमा ल्याइनेछ ।

- विपन्न तथा अपाङ्गता भएका व्यक्तिको सहज औषधा ेपचारको प्रबन्ध गरिनेछ ।

- आँखा सम्बन्धि उपचारलाई निःशुल्क बनाइने छ ।

**५. सडक तथा पुर्वाधार विकास 'विकासको मुल आधार सडक तथा पूर्वाधार'**

- लोहोन्द्रा खोलाको पुल पुनःनिर्माण गरी आवतजावतमा सहजता ल्याइने छ । साथै यस क्षेत्रभित्रका आवश्यक अन्य स्थानमा पुल तथा कल्भर्ट निर्माण गरिनेछ ।

- सड्क निर्माण गर्दा यात्रु प्रतिक्षालय, वृक्षारोपण, सडकबत्ती आदिको व्यवस्था गरिनेछ ।

- हरेक टोललाई सडकको पहुँचसँग जोडिनेछ । सम्पूर्ण कालोपत्रे सडक खाल्डाखुल्डी रहित बनाइनेछ । ग्राभेल सडकहरुलाई कालोपत्रे गर्न आवश्यक समन्वय गरिनेछ ।

- विद्युतीय सवारी साधनलाई बढावा दिन रंगेली सडकमा विद्युतीय सवारी साधन चार्जिङ स्टेसन निर्माण गरिनेछ ।

- जनता क्याम्पस रंगेलीको स्तरोन्नती तथा स्टेडियमको निर्माण गरिनेछ ।

**६. आवास व्यवस्था : 'अर्थपूर्ण जीवनका लागि सुरक्षित आवास सवैका लागि सुरक्षित घर'**

- सबै फुसको छाना विस्थापित गरी जस्ता पाताका छाना बनाइनेछ । पूर्ण घर (घर, शौचालय, खानेपानी, विधुत, धुवारहित चुलो को अवधारणा कार्यान्वयन गरिनेछ ।

- सरकारी भवन, विद्यालय तथा सार्वजनिक भवनहरू निर्माण गर्दा अपाङ्गतामैत्री, ज्येष्ठ नागरिकमैत्री बनाइनेछ ।

- आवासको हक कार्यान्वयन गर्न जनता आवास तथा विभिन्न श्रोतहरुको खोजी गरी नमुना वस्ती निर्माण गरिनेछ । बाढी पहिरो, आँधी हुरी, आगलागी जस्ता विपद्मा परेका परिवारका लागि अस्थायी आवासको व्यवस्था गरिनेछ ।

- सुकुम्बासीहरुलाई जग्गाधनी बनाई सुरक्षित आवासको व्यवस्था गरिनेछ ।

**७. कृषि तथा पशुपंक्षी : उन्नत कृषि : किसानको समृद्धि**

- कृषि पेशालाई सम्मानित पेशाको दजा दिनका लागि सरकारी कार्यालयहरुमा किसान कुर्सीकोव्यवस्था गरिनेछ

- कृषि विकासका लागि उन्नत जातको बीउ, मल, आधुनिक मेसिन तथा प्रविधिको उचित व्यवस्था गरी खाद्यान्न आयातलाई शून्य बनाईनेछ ।

- निःशुल्क माटो परीक्षणको व्यवस्था गर्न आवश्यक पहल गरिनेछ । कृषिबाली तथा पशु बिमा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

- वित्तीय संस्था तथा बैंकहरूसँग सहकार्य गरी सहुलियत कृषि कर्जामा सहजीकरण गरिनेछ ।

- कृषि उत्पादनको विक्री वितरणका लागि कृषि बजारसम्म पहुँच वृद्धि गर्न सहजीकरण गरिनेछ ।

- पशुपालनका लागि नश्ल सुधार, उन्नत घाँस विकास, पशुजन्य औद्योगिक उत्पादन तथा व्यवस्थापन गर्न प्रोत्साहित गरिनेछ । गाउँ गाउँमा कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक जनशक्तिको सेवा उपलब्ध गरिनेछ

- अर्ग्यानिक खेतीको विकास, प्राङ्गारिक मल उत्पादन र जैविक विषादीको उत्पादन, जलवायु परिवर्तनमैत्री कृषि प्रणालीको विकास गरिनेछ । कृषिलाई कार्बन उत्सर्जन न्युनीकरण कार्यक्रमसँग जोडिने छ ।

- अन्न तथा तरकारी भण्डार गृह एवं शित भण्डारको निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

**८. पर्यटन प्रवर्द्धन तथा संस्कृति संरक्षणः 'पर्यटन पूर्वाधार र विकास हाम्रो अर्थतन्त्रको निकास'**

- विभिन्न स्थानहरुमा पिकनिक स्पट, मनोरञ्जनात्मक पार्कहरूको निर्माण गरिनेछ ।

वांकी अन्तिम पेजमा...

## श्रीमतीका हत्या गर्ने श्रीमान पक्राउ

झापा । झापाको बुद्धशान्ति गाउँपालिका-१ बुधवारे बजार स्थितमा करुवा प्रहार गरी श्रीमतीको हत्या गर्ने श्रीमानलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा ३२ बर्षीय रघुनाथ मारुती गोरड रहेका छन । विहीवार गोरडले सामान्य बाद बिवादको क्रममा २६ बर्षीया श्रीमती सपना गोरडलाई पानी खाने करुवाले टाउकोमा प्रहार गरेका थिए ।

उनको प्रहारबाट श्रीमतीको घटना स्थलमै मृत्यु भएको थियो । तत्काल घटनाको जानकारी प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बुधबारेबाट खटिएको प्रहरी टोलीले करुवा प्रहार गर्ने गोरडलाई घटना स्थलबाट नै पक्राउ गरेको थियो ।

गोरड भारतको महाराष्ट्र घर भई बुधबारे बजारमा सुन पसल संचालन गरी बस्दै आएका थिए । पक्राउ परेका गोरडको इलाका प्रहरी कार्यालय धुलाबारीबाट थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

## प्रहरी कर्मचारीहरुलाई योगाभ्यास



बिराटनगर । १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र रानी, बिराटनगरमा संचालित योग शिविर बुधवार सम्पन्न भएको छ ।

पतन्जली योग समिति नेपालका युवा केन्द्रिय संयोजक लोकनाथ खनाल सहितको ४ जना योग प्रशिक्षक टोलीद्वारा प्रहरी कर्मचारीहरुलाई योगाभ्यास गराइएको थियो । कार्तिक १८ गतेबाट संचालन भएको ५ कार्य दिन अवधिको योग शिविरमा केन्द्रका समादेशक प्रहरी बरिष्ठ उपरीक्षक राजेशनाथ बास्तोला सहित प्रहरी अधिकृत तथा प्रहरी कर्मचारीहरुका साथै बिभिन्न उन्नत तालिम तथा प्रहरी जवान आधारभुत तालिममा तालिमरत प्रशिक्षार्थीहरु समेत गरी ५५२ जनाको सहभागिता रहेको थियो ।

प्रहरी कर्मचारीहरूले योगको माध्यमबाट थप उर्जा प्राप्त गरी सक्रियताका साथ सेवा प्रवाहमा लाग्ने विश्वासका साथ पतन्जली योग समिति नेपाल र नेपाल प्रहरी प्रधान कार्यालय नक्साल काठमाण्डौ बिच प्रहरी कर्मचारी हरुलाई योगाभ्यास गराउने सम्झौता भए बमोजिम नेपाल प्रहरी अन्तर्गतका कार्यालयहरू तथा प्रहरी तालिम केन्द्रहरुमा संचालित तालिमका प्रशिक्षार्थीहरू लाई पतन्जली योग समितिले योगाभ्यास गराउदै आईरहेको छ ।

साथै पतन्जली योग समितिद्वारा जिल्ला प्रहरी कार्यालय पाँचथरमा कार्यरत प्रहरी कर्मचारी तथा म्यादी प्रहरीहरुलाई समेत मंगलबारबाट ५ कार्य दिनको योगाभ्यास शिविर संचालन गरेको छ ।

## ब्राउनसुगर सहित दुई पक्राउ

झापा । झापाको भद्रपुर नगरपालिका(५ स्थितबाट प्रतिबन्धित लागुऔषध सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

अस्थायी प्रहरी पोष्ट मेचीपुलबाट खटिएको प्रहरी टोलीले चेक जाँचको क्रममा भारतबाट नेपाल आउदै गरेका मेचीनगर नगरपालिका(१३ झापाका २३ बर्षीय सन्दीप गौतम र ईसान श्रेष्ठलाई ३ ग्राम ६६० मिलिग्राम ब्राउन सुगर सहित बुधवार पक्राउ गरेको थियो ।

प्रतिबन्धित लागुऔषध ब्राउन सुगर सहित पक्राउ परेका दुवै जनाको जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भईरहेको छ ।

## सार्वजनिक सूचना

*आ-आफ्नो क्षेत्रमा भएका सामाजिक घटना (जन्म, मृत्यु, विवाह, बसाई-सराई, सम्बन्ध विच्छेद आदि) नजिकको पकिाधिकारीको कार्यालय (गाउँपालिका वा तोकिएको वडा कार्यालयहरु) मा दर्ता गराई कानुनी मान्यता प्राप्त गरौं। स्थानीय निकायलाई अभिलेख दुरुस्त राख्न सहयोग गरी नागरिकको दायित्व पूरा गरौं ।*

**कटहरी गाउँपालिकाको कार्यालय कटहरी, मोरंग, प्रदेश १**

## कोइरालाको पक्षमा माहोल बनाउन यूवादेखि वृद्धसम्म

विराटनगर । मोरङ क्षेत्र नम्बर ६ बाट प्रतिनिधिसभा सदस्यका लागि बाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार डा. शेखर कोइरालाको पक्षमा माहोल बनाउन युवादेखि वृद्धसम्म लागि परेका छन् ।

मोरङ बूढीगंगा गाउँपालिका-७ का शम्भु चौधरी पहिलोपटक यसपालि मतदान गर्दैछन् । तर उनले डा. शेखर कोइरालालाई मतदान गर्ने मनस्थिति बनाइसकेका छन् । "डा. शेखर कोइराला मलाई मन पर्ने नेता हुनुहुन्छ, उहाँले जित्नु भयो भने हाम्रो क्षेत्र मात्रै होइन मोरङकै विकास हुन्छ," उनी भन्छन्, "उहाँ त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नेता भइसक्नु भयो ।"



चौधरी जस्तै अर्का युवा मतदाता सन्देश बजगाईं पनि कोइरालाको पक्षमा खुलेर लागेका छन् । गत निर्वाचन पराजित भएर पनि आफ्नो क्षेत्रका जनताको सुख दुःखमा सधैं साथ दिँदै आएका प्रभावशाली नेता कोइरालालाई मतदान गर्न यूवाहरु आतुर रहेका छन् । "मोरङबाट राष्ट्रिय राजनीतिको नेतृत्वमा हाँक्ने अब डाक्टर सा'बले नै हो," बजगाईं भन्छन्, "मोरङ ६ ले उहाँजस्तो नेता पाउनु गर्वको कुरा हो ।"

चौधरी र बजगाईं त उदाहरण मात्रै हुन्, यसपालि पटकपटक मतदान गर्ने धेरै युवाको रोजाइमा कोइराला परेका छन् । चुनाव प्रचारका क्रममा भेटिएका युवा मात्रै होइन ज्येष्ठ नागरिक पनि यसपटक कोइरालाले जित्नेमा ढुक्क छन् । बूढीगंगाका श्यामरराज राजवंशी गत असोजबाट ८१ वर्ष पार गरेका छन् । तर उनी कोइरालाको चुनावी प्रचारमा लौरो टेकेर हिंडिरहेका छन् । उनले भने, "शेखर कोइराजाजी देशको नेतृत्व गर्न सक्ने व्यक्ति हुनुहुन्छ । उहाँलाई जिताएर पठाए यस क्षेत्रको विकास हुने थियो ।" कोइराला स्पष्ट वक्ता भएको राजवंशीको भनाइ छ । प्रचारमै भेटिएकी सविना दाहालले गठबन्धनलाई जिताउनुपर्नेमा जोड दिइन् ।

यसैबीच, कोइरालाले मोरङ क्षेत्र नम्बर ६ का विभिन्न वडा र टोलमा पुगेर चुनावी प्रचारलाई तीव्रता दिएका छन् । उनले मतदातालाई भेटेर सुखदुःख र स्थानीय समस्यासमेत बुझ्ने काम गरिरहेका छन् । जनताका पिरमर्का ध्यानपूर्वक सुन्छन् । आगामी मंसिर ४ गतेको निर्वाचनपछि बन्ने कांग्रेस नेतृत्वको गठबन्धन सरकारले जनताका समस्या समाधान गर्ने उम्मेदवार कोइरालाको प्रतिबद्धता छ । मोरङ क्षेत्र नम्बर ६ प्रदेशसभा (क) मा जीवन आचार्य र (ख) मा केदार कार्की उम्मेदवार बनेका छन् ।

## प्रदेशसभा सदस्यका उम्मेदवार घिमिरे तिब्र चुनावी अभियानमा

विराटनगर । मोरङ क्षेत्र नं. ४ (ख) प्रदेशसभा सदस्यका लागि नेकपा (एमाले) तर्फका उम्मेदवार जीवन घिमिरेले निर्वाचन क्षेत्रमा चुनावी अभियानलाई तीव्र बनाएका छन् ।

घिमिरेले कटहरीका गाउँपालिका वडा नं. १, २ र ३ र विराटनगर महानगरपालिका वडा नं. १, २, ३, ८, १०, मा घरदैलो, टोलभेला तथा मतदातारुलाई घर, वाटो घाटोमा भेटघाट गर्ने अभियानलाई तीब्रता दिएका हुन् ।



प्रदेश १ कोसामाजिक विकासमन्त्री भएका बेला घिमिरेले गरेको कामबाट मतदाता प्रभावित भएको स्थानीयहरुको भनाई छन् । मतदाताको घरदैलोमा घिमिरे पुग्दा 'तपाईंबाट ठूलो आशा गरेका छौं' भन्ने गरेका छन् । एउटा जनप्रतिनिधिले कतिसम्म काम गर्ने सक्दो रहेछ भनेर तपाईंबाट थाहा भयो विराटनगर ८ का मनोज महतोले बताए ।

विराटनगर महानगरपालिकाको वडा नं. ३ मा घिमिरे मतदाताको घर-घरमा पुग्दा मतदाताहरु उत्साहित भएका छन् । घिमिरे मन्त्री भएका समयमा ज्येष्ठ नागरिकको भवन निर्माण, दिवा केन्द्र सञ्चालन लगायत अन्य धार्मिक स्थानहरुमा सहयोग गरेका कारण जेष्ठ नागरिकहरु खुशी भएका छन् ।

एमाले उम्मेदवार घिमिरेले ५ वर्षमा निर्वाचन क्षेत्रको समग्र विकासका लागि उल्लेखनीय काम गरेका छन् । सडक निर्माण, कालेपत्रे, स्तरोन्नती, सामुदायिक भवन निर्माण, ज्येष्ठ नागरिकको भवन निर्माण, प्रविधिमैत्री विद्यालय निर्माण, सामाजिक विकासलगायतका क्षेत्रमा उल्लेखनीय काम गरेका छन् ।

विगत ५ वर्षको अवधिमा एमाले प्रदेशसभाका उम्मेदवार घिमिरेले गरेका कामनै अहिले चुनावमा भोट माग्ने आधार बनेको छ । आममतदाता समेतले घिमिरेको साथ दिई रहेको छन् ।

## क्षेत्र नं. ६ मा कोइरालाले गरेको काम देखाउन पण्डितका चुनौती

विराटनगर, कार्तिक २५ गते । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का स्थायी कमिटी सदस्य तथा मोरंग क्षेत्र नं. ६ का प्रतिनिधीसभा सदस्यका उम्मेदवार लाल बाबु पंण्डितले सत्तारुढ दल नेपाली कांग्रेसका उम्मेदवार डा. शेखर कोइरालाई कुन काम गरेको हो देखाउन चुनौती दिएको छ ।

पण्डितले सत्ता गठबन्धनका उम्मेदवार डा. शेखर कोइरालाले सबै विकासको काम मैले गरेको भनेर मतदातालाई भ्रममा पार्न खोजेको आरोप लगाउँदै कुन काम गरेको हो देखाउन चुनौति दिएको हो ।

निर्वाचन प्रचारप्रसार क्रममा विराटनगर महानगर पालिका र बुढीगंगा गाउँपालिकाको विभिन्न ठाउँमा भएको कोणसभालाई सम्बोधन गर्दै उनले आफ्नो कार्यकालमा सबभन्दा बढी बजेट यस निर्वाचन क्षेत्रमा ल्याउन पहल गरेको र बजेट पनि देशको अन्य निर्वाचन क्षेत्रभन्दा बढी ल्याएको दावी पण्डितले गरेका थिए ।

१० वर्षसम्म आफ्नो क्षेत्रका जनताको लागि केही गर्न नसक्नेले अरुले गरेको काम मैले गरेको भन्न लाज लागेन ? उनले प्रश्न गरे । निर्वाचन क्षेत्रको विकासमा आफूले बढी ध्यान दिएको बताउँदै पण्डितले कोइरालालाई गरेको काम देखाउन चुनौति दिएका हुन् ।

निर्वाचन प्रचारप्रसार क्रममा बुढीगंगा गाउँपालिकाको विभिन्न ठाउँमा भएको कोणसभालाई सम्बोधन गर्दै उनले आफ्नो कार्यकालमा बढीभन्दा बढी बजेट यस निर्वाचन क्षेत्रमा ल्याउन पहल गरेको र बजेट पनि देशको अन्य निर्वाचन क्षेत्रभन्दा बढी ल्याएको दावी गरे ।

'मोरङ निर्वाचन क्षेत्र नं. ६ मा अन्य ठाउँको भन्दा बढी बजेट आएको छ', उनले भने, 'क्षेत्रभित्र पनि बूढीगंगा गाउँपालिकामा धेरै बजेट ल्याएर विकासका कामहरू गर्न सफल भएको छु ।' 'अहिले प्रतिस्पर्धीले पनि मैले गरेको भनेर जनतालाई भ्रम छरिरहनुभएको छ' उनले भने । पाँच वर्षको समयमा आफूले गरेको काम देखाउन तयार रहेको भन्दै उनले कोइरालालाई १० वर्षमा गरेको एउटा काम देखाउन आग्रह गरेका थिए ।

आफ्नो क्षेत्रमा भएको विकासको काम कतिपय सकिएको र कतिपय सकिन बाँकी रहेकाले अपूरो काम पूरा गर्नको लागि उम्मेदवारी दिएको बताए । 'अंश र वंशको रुपमा मैले भोट मागेको छैन', उनले भने, 'अरुले गरेको काम मैल गरेको नी भनेको छैन, जे गरेको छु त्यो भनेको छु, गर्न बाँकी काम पनि भनेको छु । जनतालाई भ्रम छर्ने काम मैले गरेको छैन् र गर्दिन पनि ।'

राम्रो विकासको काम गर्दा गर्दै पनि जनताको चित्त बुझाउन नसक्नुलाई आफूले सामान्य रुपमा लिएको बताए । जनताको गुनासो र सुझावलाई आगामी दिनमा सम्बोधन गर्दै त्यसलाई थप परिस्कृत र सुधार गरेर जानेमा उनले जोड दिए ।

निर्वाचनमा परिणाम आफ्नो पक्षमा आउने कुरामा कुनै शंका नरहेको पण्डितले बताए । तराई-मधेश समृद्धि कार्यक्रम पहिलोपटक डिजाइन गरेर आफूले ल्याउन सफल भएकोले त्यसको आधारमा अहिले जातिगत र क्षेत्रगतरूपमा सामुदायिक भवन, झोलुङ्गेपुल र सडक पूर्वाधार निर्माणको काम धेरै गर्न सफल भएको पनि पण्डितले बताए ।

त्यसैगरी ६ (क) की प्रदेशसभा सदस्य उम्मेदवार रीता न्यौपानेले एमालेले गरेको विकास देखेर प्रतिस्पर्धी डराउन थालेको बताइन् । सत्तामा पुग्ने तर, काम केही नगर्नेहरु अहिले एमालेका जनप्रतिनिधिले गरेको काम आफूले गरेको भन्दै हिँड्नु कत्तिको जायज हो ? उनले प्रश्न गरिन् ।

जनताले कस्ले कति काम गरेको छ भनेर बुझिसकेको उनले बताइन् । एमालेले विकासको सुरुवात गरेकाले विकासलाई पूर्णरुप दिन एमालेको सरकार नै आवश्यक रहेको उनको भनाइ छ । एमालेले जिते यो क्षेत्रको विकासले पूर्णता पाउने पनि उनले बताइन् । विरोधीका कुरा नसुनी कस्ले कति गर्‍यो भनेर लेखाजोा गर्न उनले जनतालाई आग्रह पनि गरिन् ।

त्यसैगरी ६(२) का प्रदेशसभा तर्फ नेकपा (एमाले)का उम्मेदवार परशुराम बस्नेतले भने विकास र समृद्धिको लाग नेकपा एमालेको बहुमतका सरकार आवश्यक भएकोले नेकपा एमालेको चुनाव चिन्ह हसिया हथौडामा मतदान गरी वहुमतले विजय गराउने कामम तपाई आम मतदातको काँधमा आएको छ भने निर्वाचित भएपछि यसक्षेत्रको विकास निर्माको कार्य गर्ने हाम्रो काम भएको प्रतिवद्धता जनाएका थिए ।



# मुस्लीम कम्युनिटी सेन्टरका जन्म दाता लालबाबु पण्डित



हिरालाल साह

बिराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एमाले) स्थायी कमिटी सदस्य तथा मोरङ क्षेत्र नम्बर ६ का प्रतिनिधिसभा सदस्यका उम्मेदवार क.लालबाबु पण्डितले मुस्लिम कम्युनिटी सेन्टर मैरै पहलमा अगाडि बढेकाले सेन्टरको जन्म दाता आफू नै भएको बताएका छन् ।

उक्त कुरा बिराटनगर महानगर पालिका वडा नं. ११ केशलिया रोड स्थित नहर चौकमा चुनावी सभालाई सम्बोधन गर्ते क्रममा वताए ।

पण्डितले भने आफ्नो सांसदिय कालमा साढे चारवर्षे कार्यकालमा ३५० वटा योजना ल्याएको, आफू मंत्री हुँदा बहुबर्षिय योजना अन्तरगत ४८ करोडको सडक नहर पिच ल्याएर ठेक्का लागि सकेको, तराई मधेस समृद्धि कार्यक्रममा २८ अर्व ५० करोडको ९७ वटा प्रोजेक्टबाट काम शुरुवात गरेको, बाढी नियन्त्रण गर्न केशलिया कोरिडोरमा ९ वटा ग्रिन प्रोजेक्ट भित्रियाउन सफल भएको, सामान्य प्रशासन मंत्रालयमा रहँदा इतिहासमै सबैभन्दा बढी कर्मचारी प्रशासनमा लोकसेवामा विज्ञापन गराएर युवाहरुलाई रोजगारिको अवसर प्रदान गरेको बताए ।

त्यसैगरी बिराटनगर महानगर पालिका वडा नं. ६ मा रहेको ब्रम्हथानमा सामुदायिक भवन तथा शलहेश मन्दिरको निर्माणमा बजेट दिएको, बाढीपीडित तथा कोरोना कालमा राहत बितरण गरेको बताए । तपाईंको सुख दुखमा सधैं साथ दिएकोमा आउने समयमा हाम्रो सरकारले नागरिकता बिधेयक ६ महिनामा पास गराएर प्रत्येक अंगिकृत नागरिकले बंशजको नागरिकता पाउने, बिराटनगर मा अन्तर्राष्ट्रिय बिमानस्थल बनाउने प्रतिबद्धता जाहेर गर्दै आफ्नो पार्टी एमालेलाई तपाईंको अमुल्य मत दिन आव्हान गरेका थिए ।

सो कार्यक्रममा प्रदेश सभा ६(२) का एमालेका उम्मेदवार पर्शुराम बस्नेतले सम्बोधनको क्रममा युवा नेतृत्वलाई जिताउन जोड दिएका थिए । चुनावी सभामै दर्जनौ यूवाहरु अन्य पार्टी परित्याग गरी नेकपा (एमाले) मा प्रवेश गरेकाहरुलाई प्रतिनिधीसभा सदस्य उम्मेदवार पण्डित र प्रदेश सभा सदस्य उम्मेदवार बस्नेतले स्वागत सम्मान गरेका थिए ।

# पार्टीको आस्था र विचार भन्दा माथि उठेर मतदात गर्नुपर्नेमा जोड

विराटनगर । प्रतिनिधीसभा र प्रदेशसभा सदस्यको लागि मंसिर ४ गते हुन निर्वाचनमा पार्टीगत आस्था र विचार भन्दा माथि उठेर मतदान गर्नु पर्नेमा एक मतदाताले जोड दिएका छन् ।

सो विचार हो मोरङ सुन्दरहरैंचाकी बुधमाया प्रधानकी उनले भनिन् २०४६ सालको परिवर्तनपछि कतिपटक भोट लाएँ भन्ने ठ्याक्कै याद छैन । तर, सबै निर्वाचनमा उनले कम्युनिष्ट उम्मेदवारलाई भोट लगाइन् । २०६२/०६३ को परिवर्तनपछि २०६४ मा भएको निर्वाचनमा भने एकपटक प्रधानले माओवादीलाई भोट लगाइन् । त्यसबाहेक उनले हरेक निर्वाचनमा नेकपा एमालेलाई मतदान गरिन् । उनको पारिवारिक पृष्ठभूमि पनि कम्युनिष्ट नै हो । ६३ वर्षीया प्रधानको यसपटक भने मनस्थिति बदलिएको छ । उनले यसपटक फरक पार्टीका नेतालाई भोट हाल्ने निर्णयमा पुगेकी छन् ।

आमा समूहमा समेत आबद्ध रहेकी प्रधान भन्छिन्, 'पार्टीभन्दा व्यक्ति हेर्नुपर्ने रहेछ, पार्टी हेरेकै कारण मुलुक अगाडि बढ्न नसकेको हो,' त्यसैले यस पटकको निर्वाचनमा हामी गाउँका धेरैले डा. शेखर कोइरालालाई भोट हाल्ने मनस्थितिमा पुगेको वताइन ।

उनकै शब्दमा कम्युनिष्टहरु विचार र सिद्धान्तभन्दा सुविधाभोगी र व्यक्तिवादी चरित्रबाट ग्रसित भएका छन् । यसअघिको निर्वाचनमा विजयी भएकाहरु फर्किएर एकपटक पनि नआएको उनको दुखेसो छ ।

शेखर कोइरालासित पूर्वेली जनताको थुप्रै आशा र भरोसा भएका कारण जित्नै पर्ने प्रधानको भनाइ छ । उनी भन्छिन् 'यदि शेखर कोइरालाले पनि जितेर गएपछि जनताका लागि केही गर्नु भएन भने अर्को निर्वाचनमा हामी भोट हाल्दैनौं ।

'प्रधानजस्तै मनस्थितिमा पुगेका छन् बूढीगंगा गाउँपालिकाका ७२ वर्षीय रुद्रबहादुर कट्वाल । खोटाङबाट बसाइँ सरेर १५ वर्ष

वांकी अन्तिमपेजमा...

# पार्टी नेतृत्वको सरकार बनेपछि एमालेले गर्ने कार्ययोजना

विराटनगर । प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) यतिबेला आफ्ना विशिष्ठ कार्ययोजनाका साथ निर्वाचनको तयारीमा जुटेका छन् ।

मङ्सिर ४ गते हुन गइरहेको आम चुनावमा वहुमत ल्याएर अध्यक्ष केपी ओलीको नेतृत्वमा एकल सरकार बनाउने अभिष्ट प्राप्तिको अभियानमा सरिक हुँदै एमाले जन यतिखेर मतदाता सामु पुगेका छन् । जनतासँको जम्काभेटमा केही आक्रोस र केही निराशा व्यक्त भएको पाइए पनि समग्रमा एमालेप्रतिको विश्वास र भरोसाले उत्साहित भएको अवस्था विद्यमान छ ।

सोही उत्साहको धरातलमा टेकेर एमालेले जनताको विश्वास जित्दै आफ्नै नेतृत्वको सरकार मार्फत विगतका अधुरा कामहरू सम्पन्न गर्ने र देश निर्माणको भावी कार्यभार पूरा गर्ने योजना बनाएको छ ।

पार्टीले अघिसारेको 'समृद्ध नेपाल, सुखी नेपाली'को नारा साकार बनाउने ध्येयका साथ देशव्यापी चुनावी प्रचार अभियानमा सक्रिय एमालेका उम्मेदवारहरूलाई जनताले एकपटक कम्तीमा सुविधा जनक वहुमतको सरकार निर्माण गर्न सहयोग पुऱ्याउने बचन दिएका छन् ।

त्यसैले एमालेको सरकार गठन हुँदा जनताका पक्षमा गरिने २० मूलभूत विषयहरूलाई प्रमुखताका रुपमा पार्टीले अघिसारेको छ । ती विषयहरु एकदमै व्यवहारिक, वस्तुपरक र समसामयिक र दूरगामी महत्वका समेत रहेका छन् । ती विषयहरूलाई व्यवहारमा अक्षरसः लागू गर्ने प्रत्याभूतिका साथ जनतालाई आस्वस्थ बनाउने काम यतिबेला एमालेले गरिरहेको छ ।

एमालेले भनेको छ-समृद्धिका लागि नीतिगत र सरचंनागत सुधार गर्ने समृद्धिको अभियानमा बाधक रहेका नीतिहरूमा सुधार गरिनेछ । अति राजनीतिकरणका कारण असक्षम बनेका राज्यका विभिन्न संस्थाहरूलाई पुनर्संरचना गरी सक्षम र व्यावसायिक बनाइने उद्घोष एमालेले गरेको छ । नागरिक प्रशासनलाई सक्षम, व्यावसायिक र जनताप्रति उत्तरदायी बनाउने उसको दृढ अठोट छ । राज्यका निकाय हरूबिच अन्तर्निकाय समन्वयको प्रभावकारी व्यवस्था गरिने जनाएको छ । कार्यसम्पादनको सुनिश्चितताका लागि प्रभावकारी अनुगमनको संरचना निर्माण गर्ने एमालेको अठोट छ ।

राष्ट्रहित र नागरिकहितलाई सर्वोपरि राखी राज्य सञ्चालन गर्ने काम राष्ट्रिय गौरव बढाउन र सबैनागरिकको सम्मानजनक जीवनस्तर हासिल गर्ने कार्यक्रममा केन्द्रित गर्ने कुराको एमालेले प्रत्याभूत गर्न खोजेको छ । सरकार गठन भएको एक महिनाभित्र नेपाली नागरिकका सन्तानले नागरिकता नपाउने अवस्था अन्त्य गर्ने र छ महिनाभित्र नागरिकतासम्बन्धी समस्या हल गर्ने एमालेको दृढ अठोट जनतासमक्ष पुऱ्याउने काम भइरहेको छ । सरकार बनेको एक वर्षभित्र राष्ट्रिय परिचयपत्र वितरण गरिने एमालेको अठोट छ ।

'कोही भोकै पर्दैन, भोकले कोही मर्दैन'को नीति कार्यान्वयन गर्न कृषि उत्पादन वृद्धि र आपूर्तिमा व्यापक सुधार गर्ने एमालेको प्राथमिकतामा परेको कार्ययोजना छ । देशका सबै पालिकामा खाद्य भण्डार र प्रदेशमा खाद्य गुणस्तर मापन तथा निर्धारण प्रयोगशाला स्थापना खाद्यको सहज प्राप्यता तथा गुणस्तरीयतामा एमाले सरकार संवेदनशील हुने बताएको छ । आम उपभोक्ताको खानपिनका बानीमा परिवर्तन गरी स्वस्थ र सन्तुलित खानाको अवधारणा व्यापक बनाउने उसको कार्ययोजना रहेको छ । एमालेले कामका लागि खाद्यान्न तथा नगद कार्यक्रमबाट प्रतिवर्ष एकलाख परिवारलाई खाद्यसुरक्षा दिइने नीतिलाई कार्यान्वयनको प्राथमिकतामा प्राथमिकतामा पारेको छ ।

प्रधानमन्त्री रोजगार कार्यक्रमबाट प्रतिवर्ष तीनलाख परिवारलाई आय आर्जनमार्फत् खाद्यसुरक्षा प्रदान गर्ने कुराको प्रत्याभूत एमालेले गर्ने भएको छ ।

स्वदेशी उत्पादन र स्वदेशी उपभोगका लागि 'मेक इन नेपाल' अभियान सञ्चालन गर्ने, स्वदेशी कच्चापदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने प्रकृतिका उपभोग्य वस्तुहरूको उत्पादनमा जोड दिनेछ । स्वदेशमा उत्पादन हुने खाद्यवस्तु जस्तै औषधि तथा सिमेन्टजस्ता वस्तुहरूको उपयोगमा प्रोत्साहित गर्ने गरी सहकारी तथा निजी क्षेत्रलाई कर, विद्युत महसलु तथा ऋणमा उपयक्त व्याज अनुदान दिने व्यवस्थाको ग्यारेन्ट गर्न चाहेको देखिन्छ । भन्सार नियमनका माध्यमबाट समेत स्वदेशी उद्योग र उत्पादनलाई संरक्षण गर्ने नीति एमालेले लिएको छ ।

एमाले नेतृत्वको सरकार बनेपछि आवासविहीनलाई सुरक्षित आवास र मर्यादित जीवन उपलब्ध गराउने कुनै पनि नेपाली नागरिक आवासविहीन वा सडक मानवका अवस्थामा रहनु नपर्ने प्रत्याभूत गर्न चाहेको छ । जनता आवास तथा सुरक्षित आवासका माध्यमबाट आवासको अधिकारलाई सनिश्चित गर्न चाहेको छ । असुरक्षित वस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिने भएको छ । चुनावपछि बन्ने एमालेको सरकारले सञ्चयकोषका सञ्चयकर्ता तथा नागरिक लगानी कोषका बचतकर्तालाई ती कोषका लगानीमा आवास सविुधा उपलब्ध गराउने भएको छ ।

सबैका लागि काम र नियमित कमाइको सुनिश्चितता गर्ने कुरालाई एमाले सरकारले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याउने अठोट गरिएको छ । रोजगारी र सामाजिक सुरक्षाको प्रबन्धबाट सबैका लागि काम र नियमित कमाइको सुनिश्चिताता गर्ने एमालेको पूर्व घोषणा छ । रोजगारी सिर्जना हुने क्षेत्रमा राज्यको लगानी बढाइने योजना छ । रोजगारी र उद्यमशीलता उन्मुख स्वरोजगारीका लागि सीप, पूँजी र व्यावसायिक तालिम सरकारले दिनेछ । सुरुवाती व्यवसाय गर्न चाहिने बिउपूँजीको व्यवस्थापन पनि सरकारले नै गर्नेछ । सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराइने योजना छ । कामदार वा श्रमिकको न्यूनतम ज्याला सुनिश्चित गर्दै त्यसलाई समयसापेक्ष वृद्धि गर्ने योजना पनि बनाइएको छ । एमालेको सरकार बनेपछि हरेक वर्ष रोजगारी र स्वरोजगारी गरी वार्षिक ५ लाख रोजगारी सिर्जना गरिने भएको छ ।

पूर्ण साक्षर देश र उद्यमशील शिक्षित युवा'को नीति कार्यान्वयन गर्ने एमालेको पूर्वयोजना रहेको छ । आगामी दुई वर्षमा देशलाई पूर्ण साक्षर बनाइने छ । सबै पालिकामा कम्तीमा दुईवटा प्राविधिक धारका विद्यालय सञ्चालन गरिने छ । उच्च शिक्षाका निम्ति विदेश जानुपर्ने बाध्यकारी अवस्थाको अन्त्य गरिने छ । देशका सरकारी अनदुानबाट पोषण गरिएका विद्यालय, महाविद्यालय र विश्वविद्यालयलाई रोजगारी केन्द्रित बनाउने एमालेको केन्द्रीय स्तरकै प्रतिवद्धता रहेको छ ।

एमालेले सरकार बनाएपछि 'निरोगी नेपाल, सबल नागरिक'को नीति अघि बढाएर सबै नागरिकलाई निरोगी रहनेउपाय अवलम्बन गर्न सचते गराइने छ । सबै पालिकामा आधारभूत स्वास्थ्य सुविधा पुऱ्याइने उसको अठोट छ । त्यस सरकारले ६० वर्षभन्दा माथिका नागरिकका लागि उच्च रक्तचाप र मधुमेह रोगको निःशुल्क परीक्षण तथा औषधि उपलब्ध गराइने छ । प्रभावकारी स्वास्थ्य बिमा कार्यक्रममार्फत् नागरिकका स्वास्थोपचार सहज बनाइने एमालेको प्रतिवद्धता छ । सबै पालिकामा आधारभूत अस्पताल र प्रदेशहरूमा विशिष्टीकृत अस्पतालको व्यवस्था गरिने छ । महिला र बालबाकिाको स्वास्थ्य रक्षाको कार्यक्रम ल्याई प्रभावकारी कार्यान्वयन गराइने छ ।

एमालेले आम नागरिका लागि स्वच्छ पानी, सफा वातावरण'को सुनिश्चितालाई प्राथमिकतामा राखेर काम गर्ने भएको छ । देशका सबै परिवारलाई मासिक १० हजार लिटरसम्म पानी निःशुल्क वितरण गर्ने योजना एमालेले बनाएको छ ।

'सबैलाई बिजुली बत्ती, विद्युतबाटै देशको उन्नति' गर्ने नीति एमाले सरकारले अबलम्बन गर्ने छ । दुई वर्षमा बत प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच पुऱ्याइने एमालेको नीति रहने छ । सबै परिवारलाई ग्राहस्थ उपभोगका निम्ति वर्षायाममा मासिक ५० यनिट र हिउँद याममा मासिक ३० यनिट विद्युत निःशुल्क उपलब्ध गराइनेछ । पनन्चवर्षमा विद्युत उत्पादन क्षमता ६५०० मेगावाट र प्रतिव्यक्ति विद्युत खपत ७०० किलोवाट प्रतिघण्टा पुऱ्याइनेछ ।

'खेत बारीमा पानी, दोब्बर हुन्छ उब्जनी'को मान्यतामा अघि बढाउने आगामी तीन वर्षमा सतह तथा भूमिगत सिँचाइबाट तराई-मधेसको थप तीनलाख हेक्टर जमिन सिञ्चित गरिने छ । सिँचाइलाई वर्षायामको बिजुली महसुलमा महसलमा ५० प्रतिशत र हिउँदयामको बिजुलीमा २५ प्रतिशत छुट दिइनेछ ।

सडक पूर्वाधार र सुलभ सार्वजनिक यातायातको सुनिश्चितता गर्ने र हरेक जिल्ला सदरमकामलाई रणनीतिक सडक सञ्जालमा जोडिने छ । निर्माणाधीन राष्ट्रिय राजमार्ग र रणनीतिक सडकहरू ५ वर्षभित्र सम्पन्न गरिने छ ।

'व्यवस्थित सहरः स्वच्छ र हरियाली बस्ती'को अबधारणा कार्यान्वयन एमालेको अएको राष्ट्रिय प्रतिवद्धता हो । प्रमखु सहरको सौन्दर्यका लागि विद्युत लाईन, टेलिफोन लाईन, खानेपानीका पाइप आदि सुव्यवस्थापनमा पनि एमाले सरकारले विशेष ध्यान दिने छ ।

'सरल, सहज सार्वजनिक सेवा'को प्रबन्ध गर्ने सङ्कल्प छ । आगामी दुई वर्षभित्रमा स्थानीय तहका सबै प्रशासकीय भवनको निर्माण सम्पन्न गरिने छ । डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयन गरी सरकारी सेवा अनलाईन प्रणालीद्वारा उपलब्ध गराइने छ । समाजका विविध पक्षहरूमा अन्तर्निहित सामाजिक सुरक्षाको दायरा र सुविधा विस्तार गर्ने एमालेको गर्विलो योजना छ । गर्भावस्थामा पोषण र स्वास्थ्य परीक्षण, बाल्यावस्थामा बालसं रक्षण अनदुान, विद्यालय उमेरमा निःशुल्क शिक्षा र दिवा खाजा, वयस्क उमेरमा कामको ग्यारेन्टी एमालेले गर्नेछ । ज्येष्ठ नागरिक, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख्मु जाति तथा लक्षित वर्ग र क्षेत्रका बालबालिका गरी पाँच वर्षमा ६० लाखले सामाजिक सुरक्षा भत्ता पाउने छन् ।

'स्वस्थ महिनावारी, सुरक्षित मातृत्व'को नीति कार्यान्वयन गर्ने सुरक्षित महिनावारी कार्यक्रमका लागि महिनावारी हुने उमेर समूहका देशभित्रका सम्पूर्ण महिलाका लागि गुणस्तरीय स्यानिटरी प्याड वा अन्य वैकल्पिक साधन खरिदका निम्ति वार्षिक रु १ हजार ५ सय उपलब्ध गराइने एमालेको नीति रहनेछ ।

सस्तो, सहज र भरपर्दो सञ्चार सुविधाको प्रबन्ध गर्ने एमालेको नीति रहने छ । सबैका लागि सूचना तथा सञ्चार सुविधा सस्तो, सहज र भरपर्दो बनाइने छ ।

अब बन्ने एमाले नेतृत्वको सरकारले 'सभ्य समाजः मर्यादित नागरिक'को नीति कार्यान्वयन गर्ने छ । बालबालिकामाथिको दुर्व्यवहार महिला हिंसा, मानव बेचबिखन, बलात्कार, घरायसी लेनदेनमा मिटर ब्याजी शोषण, बँधुवा श्रम, छुवाछूत, गुण्डागर्दी, लागुऔषध दुव्यर्सनी जस्ता सामाजिक अपराधजन्य घटना निरुत्साहनका लागि एमालेको सरकारको विशेष भूमिका हुनेछ ।

मङ्सिर ४ गतेपछि बन्ने एमाले नेतृत्वको सरकारले प्रतिव्यक्ति आय दोब्बर गर्नेछ । कृषिको व्यवसायीकरण गरिने छ । साना, मझौला तथा ठूला उद्योगको विस्तारबाट राष्ट्रिय आयमा उल्लेख्य वृद्धि गरिने छ । पर्यटनमा आधारित सेवा क्षेत्रको विस्तार गरिने छ । नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको सङ्ख्या ५ वर्षभित्र वार्षिक २५ लाख पुऱ्याइनेछ ।

उपयुक्त रचनात्मक कार्य योजनाका साथ चुनावी प्रचार अभियानमा जुटेको नेकपा (एमाले) प्रति आम नागरिक सकारात्मक पाइएको छ । एमालेको चुनावी प्रचार अभियान्ताहरू जनताको स्नेहपूर्ण व्यवहारका कारण उत्साहित बन्दै गएको देखिएको छ । यस पटकको निर्वाचनमा एमाले नेतृत्वको सरकार बनाउन दिएको विश्वास र भरोसालाई सम्वोधन गर्ने सवालमा पार्टी सचेत रहनुपर्ने सुझाव प्रचार अभियान्ताहरूको रहेको देखिन्छ ।

NO SMOKING